नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## (योजना तथा अनुगमन शाखा)

सानोठिमी, भक्तपुर

फोन नं. ०१-६६३५१३४

प.सं.: ०७८/७९

च.नं. 196

मिति : २०७८।१२।१५

**विषय : राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।**

श्री सम्बन्धित स्थानीय तहहरू

प्रस्तुत विषयमा चालु आव २०७८।७९ को बार्षिक कार्यक्रमको वउशीनं ३५०००१०९ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत स्वीकृत क्रियाकलापहरू कार्यान्वयनका लागि मिति २०७८।१२।१४ को मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन प्रक्रिया यसैसाथ संलग्न छ । सोहीवमोजिम कार्यक्रम कार्यान्वयन गर्नुहुन केन्द्रको मिति २०७८।१२।१५ गतेको निर्णयानुसार अनुरोध छ ।

प्रकाश कुमार खरेल

शाखा अधिकृत

वोधार्थ

श्री शिक्षा विकास तथा समन्वय इकाई: सूचना सम्प्रेषण तथा आवश्यक समन्वय गरिदिनुहुन ।

## राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वयन प्रक्रिया

**आ व २०७८।७९ का लागि वउसिन ३५०००१०९ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय तह तथा शिक्षा विकास तथा समन्वय इकाइले तपसिल अनुसार कार्यसम्पादन गर्नुपर्नेछ :**

क) यस कार्यक्रम अन्तरगतका क्रियाकलापहरुमा वजेट विनियोजन रहेका स्थानीय तहहरुले यस केन्द्रको वेवसाइट www.cehrd.gov.np मा राखिएको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट छनोट भएका विद्यालयहरुको तोकिएको कार्यक्रमहरुको सूची अनुसारका कार्यक्रम कार्यान्वयनका लागि तोकिए वमोजिमको रकम विद्यालयलाई निकासा उपलब्ध गराउने। उक्तानुसारका कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय तह तथा विद्यालयहरुले निम्नानुसार कार्यसम्पादन गर्ने:

१. यस कार्यक्रम अन्तर्गतको कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेवसाइटमा भएको विद्यालयहरुको सूचीको आधारमा सम्वन्धीत क्रियालापका लागि तोकिएको वजेट स्थानीय तहले सम्वन्धित विद्यालयको खातामा नियमानुसार रकम निकासा गर्नुपर्नेछ।

२. सूचीमा उल्लेख भएका विद्यालय र कार्यक्रमको लागि मात्र बजेट निकासा गर्ने, उल्लेखित सूचिमा विद्यालयको नाम र ठेगाना स्पष्ट नभएमा स्थानीय तहको सिफारिसमा यस केन्द्रबाट थप स्पष्ट पार्न सकिनेछ।

३. एक विद्यालयमा सुचिकृत भएको कार्यक्रमको बजेट अर्को विद्यालयमा खर्च गर्न पाइने छैन र एउटा कार्यक्रमको लागि विनियोजन गरिएको रकम अर्को कार्यक्रममा खर्च गर्न पाइने छैन,

४. कार्यक्रम कार्यान्वयनको अवस्थाको प्रगति विवरण सम्वन्धित विद्यालयले तयार गरी प्रत्येक महिनाको अन्त्यमा स्थानीय तहमा पेश गर्नुपर्नेछ। स्थानीय तहबाट नियमित अनुगमन गरी त्रैमासिक कार्यप्रगति शिक्षा विकास तथा समन्वय इकाइमा पठाउनु पर्नेछ। इकाइले जिल्ला भित्र सञ्चालित कार्यक्रम कार्यान्वयनको प्रगति विवरण तयार गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउनुपर्नेछ।

५. यस कार्यक्रम अन्तरगतका क्रियाकलापहरुको कार्यान्वयन गर्दा स्थानीय तहका शिक्षा महाशाखा/शाखा प्रमुखको सयोजनमा स्थानीय तहबाट नियमित अनुगमन गर्ने तथा आवश्यक सहजिकरण र प्राविधिक सहायता उपलब्ध गराउनुपर्नेछ।

६. यस कार्यक्रमको कार्यान्वयन पश्चात निकासा रकमको लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखा परीक्षणको दायित्व सम्वन्धित विद्यालयको हुनेछ।

७. विद्यालयले यस कार्यक्रम अन्तरगतका क्रियाकलाप कार्यान्वयन गर्दा सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावली २०६४ अनुसारको प्रक्रिया अवलम्वन गर्नुपर्नेछ र स्वीकृत कार्यविधि एवम् सर्तहरुको परिपालना गर्नुपर्नेछ।

८. **ससर्त अनुदान अन्तर्गत वित्तीय हस्तान्तरण भई स्थानीय तह मार्फत विद्यालयलाई उपलब्ध हुने अनुदान रकममा कन्टिनजेन्सी बापतको रकम कट्टा नगरी तोकीएको रकम सम्बन्धीत विद्यालयको खातामा उपलब्ध गराउनुपर्नेछ।** कन्टिनजेन्सी रकम कट्टा गर्ने गरी कार्यक्रम कार्यान्वयनका लागि रकम विनियोजन नगरिएकोले कट्टा गर्दा लक्षित कार्यक्रम सम्पन्न गर्न नसकिने हुनाले कन्टिनजेन्सी बापतको रकम आवश्यक भएमा स्थानीय तहले आन्तरिक स्रोत वाट व्यवस्थापन गर्नु पर्ने,

चूडामणि पौडेल
महानिर्देशक

९. विद्यालय कक्षाकोठा निर्माण तथा विद्यालयमा IT ल्याव व्यवस्थापन कार्यक्रममा रकम अपर्याप्त भएमा स्थानीय तहले स्वीकृत लागत अनुमानका आधारमा आफ्नो स्रोतबाट थप गर्न सक्नेछ।

१०. साविकको शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट अनुदान प्राप्त गर्ने गरी छनोट भइ प्राविधिक धार सञ्चालनमा रहेका विद्यालयहरुलाइ अनुदानको सूचिमा उल्लेखित रकम उपलव्ध गराउनपर्नेछ।

११. कार्यक्रम कार्यान्वियनका लागि स्थानीय तहले वजेट तथा कार्यक्रम प्राप्त भएपश्चात आवश्यक प्रक्रिया पुरागरी ७ दिन भित्र विद्यालयलाइ निकासा दिने। विद्यालयले प्राप्त रकम यसै आर्थिक वर्ष भित्रैमा तोकिएको कार्यमा खर्च गरी फ्रिज हुन गएमा विद्यालय नै जवाफदेही हुनु पर्नेछ।

१२. निर्माण कार्यको नियमित अनुगमन गर्ने तथा आवश्यक प्राविधिक सहायता उपलव्ध गराउने कार्य स्थानीय तहबाट गर्नुपर्नेछ। स्थानीय तहबाट निर्माण कार्यका लागि प्राविधिक सहायता उपलव्ध गराउन नसकी सम्वन्धीत स्थानीय तहको सिफारिस सहित विद्यालयबाट माग भएमा केन्द्रबाट प्राविधिक सहजिकरण गर्न सकिनेछ।

१३. यस क्रियाकलाप अन्तर्गत समावेश गरिएका उपक्रियाकलापहरु कार्यान्वियन गर्दा तपसिल अनुसारको कार्यप्रक्रिया अनुसार कार्य सम्पादन गर्ने गराउने।

| क्रियाकलाप नं,क्रियाकलाप र कार्यान्वियन प्रक्रिया | जिम्मेवारी | प्रगतिसूचक |
|---|---|---|
| **१. क्रियाकलाप : विद्यालय कक्षाकोठा निर्माण अनुदान**<br>**अ) २ कोठे भवन निर्माण**<br>**आ) ४ कोठे भवन निर्माण**<br>क) स्थानीय तहले विद्यालयमा न्यूनतम २ कोठे भवन निर्माणका लागि प्रति विद्यालय रु १८ लाख र ४ कोठे भवन निर्माणका लागि रु ३६ लाख अनुदान विद्यालयलाई निकासा दिने,<br>ख) विद्यालयले भवन निर्माण गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को विद्यालय भौतिक निर्माणमा उल्लेखित कार्यप्रक्रिया अविलम्वन गर्ने,<br>ग) निर्माण कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत ड्इङ डिजाइनका आधारमा गर्ने ( ड्इङ डिजाइन शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेवसाइटबाट डाउनलोड गर्न सकिनेछ।)<br>घ) भवन निर्माण कार्य गर्दा सार्वजनिक खरीद ऐन नियमावली वमोजिम गर्ने। | **मुख्य जिम्मेवार**<br>• गाँउपालिका/नगरपालिका<br>• विद्यालयहरू<br>**सहजीकरण/समन्वय**<br>• शिक्षा विकास तथा समन्वय ईकाई | • स्वीकृत कार्यक्रम तथा निर्माण सम्पन्न भौतिक पूर्वाधार सङ्ख्या<br>• नापी किताव<br>• कार्य सम्पन्न प्रतिवेदन |
| **२. विद्यालयमा IT Lab स्थापना,सुदृढिकरण एवम् Digital library व्यवस्थापनका लागि अनुदान**<br>क) स्थानीय तहले विद्यालयमा IT ल्याव स्थापना गर्न छनोट भएका विद्यालयका लागि स्वीकृत प्रति विद्यलय ६ लाख ५० हजार अनुदान निकासा दिने, | **मुख्य जिम्मेवार**<br>• गाँउपालिका/नगरपालिका<br>• विद्यालयहरू<br>**सहजीकरण/समन्वय** | • स्थापना भएका ल्याव संख्या<br>• निकासा आदेश<br>• कार्य सम्पन्न प्रतिवेदन |

चूडामणि पौडेल
महानिर्देशक

<table>
<tr><th>क्रियाकलाप नं,क्रियाकलाप र कार्यान्वयन प्रक्रिया</th><th>जिम्मेवारी</th><th>प्रगतिसूचक</th></tr>
<tr><td>ख) कार्यक्रम प्राप्त गरेका विद्यालयले IT ल्याव स्थापना एवम् सुदृढीकरण गर्दा चालु आव २०७८।७९ का लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखित विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तरगत विद्यालयको शिक्षण सिकाइमा ICT को प्रयोगको लागि कार्यप्रक्रिया अवलवम्वन गरी यस केन्द्रबाट स्वीकृत स्पेसिफिकेशन अनुसार ल्याव नभएको विद्यालयले स्थापना गर्ने तथा सञ्चालनमा रहेकाको हकमा सुदृढिकरण गर्दा स्पेसिफिकेशन अनुसारका उपकरण खरीद गरी सञ्चालनमा ल्याउने ।<br>ग) Digital Library को लागि अपग्रेडेड सर्भर कम्प्यूटर, सर्भर सफटवेयर र विद्युतिय पुस्तक तथा अन्य पाठ्य सामाग्रीहरु अन्य कम्प्यूटरहरु (हार्डवेयर, Mobile, Tablet, आदि) मा Networking र Access हुनु पर्ने ।<br>घ) यस क्रियाकलापमा तोकिएको संख्याका कम्प्यूटर तथा उपकरण प्रचलित सार्वजनिक खरिद ऐन/नियमावली अनुसार खरिद गर्ने व्यवस्था मिलाउने,</td><td>• शिक्षा विकास तथा समन्वय ईकाई</td><td></td></tr>
<tr><td>३. नया प्रविधिक धारका विद्यालय सञ्चालनका लागि शिक्षण सहयोग अनुदान तथा ल्याव व्यवस्थापन अनुदान( छुट समेत) एवम् प्राविधिक धार सञ्चालित विद्यालयमा ल्याव सुदृढीकरण तथा स्तरोन्नतिका लागि अनुदान :<br>अ) ल्याव व्यवस्थापन अनुदान<br>क) यस क्रियाकलापमा बजेट विनियोजन भएका स्थानीय तहले शैक्षिक सत्र २०७९ बाट कक्षा ९ मा प्राविधिक धार सञ्चालन गर्न यस केन्द्रबाट अनुदान प्राप्त गर्न स्वीकृत विद्यालयहरुलाई स्वीकृत विषय अनुसार तपशिलमा उल्लेखित धार वमोजिमको अनुदान रकम ल्याव व्यवस्थापनका लागि विद्यालयलाई एकमुष्ठ उपलब्ध गराउने। विद्यालयले यस केन्द्रबाट स्वीकृत सुची अनुसारका ल्याव सामग्री व्यवस्थापन गरी ल्याब सञ्चालन गर्ने। ल्याव सामग्री खरिद गर्दा प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार गर्ने। विद्यालयको सूची शिक्षा तथा मानव स्रोत विकास केन्द्र केन्द्रको वेवसाइटमा उपलब्ध छ।
<table>
<tr><th>धार</th><th>रकम</th></tr>
<tr><td>बाली विज्ञान</td><td>२६ लाख</td></tr>
<tr><td>पशु विज्ञान</td><td>२६ लाख</td></tr>
<tr><td>सिभिल इन्जिनियरिङ</td><td>५० लाख</td></tr>
<tr><td>कम्प्यूटर इन्जिनियरिङ</td><td>२५ लाख</td></tr>
<tr><td>इलोक्ट्रिकल इन्जिनियरिङ</td><td>२५ लाख</td></tr>
</table>
ख) ल्यावको निर्माण प्रावधिक धारसम्बन्धी विद्यालयमा प्रावधिक तथा व्यावसायिक शिक्षा सञ्चालन निर्देशिका, २०६९</td><td><u>मुख्य जिम्मेवार</u><br>• गाँउपालिका/नगरपालिका<br>• विद्यालयहरू<br><u>सहजीकरण/समन्वय</u><br>• शिक्षाविकासतथासमन्वयईकाई</td><td>• स्थापना भएका ल्याव संख्या<br>• निकासा आदेश<br>• शिक्षण सहयो अनुदान प्राप्त विद्यालय संख्या</td></tr>
</table>

चूडामणि पौडेल
महानिर्देशक

| क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगतिसूचक |
|---|---|---|
| (संसोधन सहित) र पाठ्यक्रमले तोकेका आधारमा विद्यालयले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ल्याव सामग्री खरिद गरी सञ्चालनमा ल्याउने<br>**आ) शिक्षण सहयोग अनुदान**<br>**क)** कक्षा ९ बाट प्राविधिक धार सञ्चालनको लागि अनुदान प्राप्त विद्यालयमा माध्यमकि तह तृतीय श्रेणी सरहको १ जना प्रशिक्षक तथा निम्नमाध्यमिक तह तृतीय श्रेणी सरहको १ जना सहायक प्रशिक्षक नियमानुसार नियुक्त गरी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा उल्लेखित सेवा सुविधा अनुसार ३ महिनाको वरावरको अनुदान निकासा गरिएको छ । विद्यालयमा शिक्षक नियुक्ति भइ हाजिर भएको मिति देखिको तलव भत्ता निकासा गर्नुपर्नेछ ।<br>४. **ल्याव सुदृढीकरण तथा स्तरोन्नतिका लागि अनुदान :**<br>क) गत विगतमा प्राविधिक धार सञ्चालनको अनुमति प्राप्त गरी सञ्चालनमा रहेका विद्यालयहरुका लागि यस प्रकारको अनुदान प्राप्त गर्ने गरी छनोटमा परेका विद्यालयका लागि प्रति विद्यालय १० लाखका दरले स्थानीय तहले विद्यालयमा एकमुष्ठ निकासा दिने ।<br>ख) विद्यालयले यस केन्द्रबाट सुचिकृत ल्याव व्यवस्थापनका सामग्रीको सूचिबाट नपुग भएका/टुटिफुटी नास भइ प्रयोगमा नआउने नियमित प्रयोगका सामग्रीको सूचि वनाइ विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गरी नियमानुसार खरिद गरी प्रयोगमा ल्याउनु पर्नेछ ।<br>ग) यस क्रियाकलापमा अनुदान प्राप्त गरेका विद्यालयले विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित (STEM) सँग सम्वन्धित अनुसन्धान/ खोज तथा अन्वेषण गर्ने कार्य गरी प्राप्त निश्कर्षलाई शिक्षण सिकाइमा प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्नेछ । यसका लागि सम्वन्धित सँस्थाहरुसँग समझदरी र समन्वय गरी कार्यक्रम सञ्चालन गर्नुपरेमा स्थानीय तहको शिक्षा शाखालाई जानकारी दिनुपर्नेछ । | | |
| ५. **पढ्दै कमाउदै कार्यक्रम सञ्चालनमा विद्यालयहरुका लागि अनुदान :**<br>क) कार्यक्रम सञ्चालनका लागि अनुदान प्राप्त गरेका स्थानीय तहले तोकिएका विद्यालयका लागि **पढ्दै कमाउदै कार्यक्रम सञ्चालन कार्यविधि २०७८** मा उल्लेखित कार्य प्रक्रिया वमोजिम विद्यालयका लागि स्वीकृत वजेटको परिधि भित्र रहि अनुदान कार्यविधिमा उल्लेखित विद्यालयले कार्यक्रम सञ्चालन क्षेत्र, क्रियाकलाप, कार्यान्वयनको समयतालिका सहितको कार्ययोजना समावेश गरी विद्यालय सँग सम्झौता गर्ने,<br>ख) कार्यविधि वमोजिम कार्यक्रम सञ्चालनका लागि विद्यालयलाई सुरुमा ५० प्रतिशत रकम उपलब्ध गराउने ।<br>ग) विद्यालयबाट कार्ययोजनामा उल्लेखित कार्यक्रमहरुको कार्यप्रगतिको नियमित अनुगमन गरी सोका आधारमा वाँकी ५० | **मुख्य जिम्मेवार**<br>• गाँउपालिका/नगरपालिका<br>• विद्यालयहरू<br>**सहजीकरण/समन्वय**<br>• शिक्षाविकासतथासमन्वयईकाई | • निकासा आदेश<br>• शिक्षण सहयो अनुदान प्राप्त विद्यालय संख्या<br>• कार्यक्रमको प्रगति प्रतिवेदन |

चूडामणि पौडेल
महानिर्देशक

| क्रियाकलाप नं,क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगतिसूचक |
|---|---|---|
| प्रतिशत रकम उपलब्ध गराउने।<br>घ) विद्यालयले सम्पादित कार्यको प्रगति स्थानीय तह तथा यस केन्द्रको शैक्षिक प्रविधि शाखामा नियमित उपलब्ध गराउने।<br>स्वीकृत कार्यविधि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा यस केन्द्रको वेवसाइटबाट डाउनलोड गर्न सकिनेछ। | | |
| **६. Digital Learning Centre को सञ्चालन तथा सुदृढीकरण**<br>१) यस कार्यक्रम अन्तरगत वजेट अन्तरगत प्राप्त गरेका प्रदेश सामाजिक विकास मन्त्रालयले तपशिल अनुसारका कार्य सम्पादन गर्ने :<br>क) कार्यक्रममा स्वीकृत वजेट Digital Learning Centre सञ्चालनको लागि शिक्षा तालिम केन्द्रबाट कार्ययोजना माग गरी तोकिएको समयमा कार्यसम्पादन गर्ने प्रतिवद्धता लिइ द्विपक्षीय सम्झौता गरी कार्यक्रम तथा अख्तियारी प्राप्त भएको ७ दिन भित्र एकमुष्ठ रुपले उपलव्ध गराउने,<br>ख) कार्यक्रम सञ्चालन गर्दा प्रदेशस्थित शिक्षा तालिम केन्द्रमा डिजिटल सिकाइ केन्द्र (Digital Learning Center) स्थापना, विकास र सञ्चालन कार्यविधि,२०७८ वमोजिम गर्नुपर्नेछ। कार्यविधि यस केन्द्रको वेभसाइटबाट डाउनलोड गर्न सकिनेछ।<br>ग) यस कार्यक्रम अन्तरगत सम्पादित कार्यको नियमित अनुगमन तथा सहजिकरण गर्ने,<br>२) वजेट तथा कार्यक्रमका प्राप्त तालिम केन्द्रले तपशिलका कार्यक्षेत्रमा निम्न अनुसारको कार्यप्रक्रिया अवलम्वन गरी कार्यसम्पादन गर्ने :<br>क) Digital Learning Centre को स्थापना विकास तथा सुदृढीकरणका लागि आवश्यक यन्त्र उपकरण ICT Lab लगायतको व्यवस्थापन गर्दा यस केन्द्रबाट स्वीकृत मापदण्डमा उल्लेखित यन्त्र उपकरण खरीद गर्न सार्वजनिक खरीद ऐन नियमावलीको परिधि भित्र रही यन्त्र उपकरण खरीद गर्ने ।<br>ख) केन्द्रबाट स्वीकृत मापदण्डमा उल्लेखित उद्देश्यको परिपुर्ति हुने गरी Digital Learning Centre सञ्चालन गर्ने। | **मुख्य जिम्मेवार**<br>• प्रदेश स्थित शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र<br>**सहजीकरण/समन्वय**<br>• शिक्षा तथा मानव स्रोत विकास केन्द्र | • स्थापना भएका ल्याव संख्या<br>• निकासा आदेश |
| **७. Digital Learning Centre सञ्चालन तथा व्यवस्थापनका लागि प्राविधिक जनशक्ति व्यवस्था**<br>क) सम्वन्धित विषयका विज्ञहरुलाई सुचिकृत गर्ने,<br>ख) विज्ञबाट प्रस्ताव माग गर्ने,<br>ग) Digital Learning Centre सञ्चालनका लागि IT क्षेत्रका ३ जना विज्ञ नियमानुसार सेवा करार गर्ने। यस कार्यमा प्रदेशस्थित शिक्षा तालिम केन्द्रमा डिजिटल सिकाइ केन्द्र (Digital Learning Center) स्थापना, विकास र सञ्चालन कार्यविधि,२०७८ वमोजिम गर्ने। | **मुख्य जिम्मेवार**<br>• प्रदेश स्थित शिक्षा हेर्ने मन्त्रालय<br>• शिक्षा तालिम केन्द्र<br>**सहजीकरण/समन्वय**<br>• शिक्षा तथा मानव स्रोत विकास केन्द्र | • सुचिकृत विज्ञ संख्या<br>• निकासा आदेश |

चूडामणि पौडेल
महानिर्देशक